- देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धिको जोखिम :** सो नभएको।

(ङ) **विदेशी विनिमयको जोखिम :**
- देशको वैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटबढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु।

(च) **कानुनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :** सो नभएको।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
- अन्तराष्ट्रिय बजारको आर्थिक मन्दीले प्रत्यक्ष असर वित्तीय क्षेत्रमा पर्न सक्ने भएकोले सोबाट हुन सक्ने जोखिमहरु।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**
- नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।
- देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु।

(झ) **संचालन अनुभवको अभाव :**
- यस बैंकले निरन्तर १० वर्षदेखि बैंकिङ्ग सेवा प्रदान गरी आइरहेको छ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :**
- बैंकिङ्ग प्रविधिलाई चुस्त दुरुस्त राख्न सफ्टवेयर तथा हार्डवेयरमा समय सापेक्ष हेरफेर गर्नुपर्ने भएमा थप खर्च बढ्न सक्नेछ। साथै बैंकले निरन्तर रुपमा प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गरी आवश्यक तालिम तथा विज्ञहरुको सुझावहरु समय समयमा लिईरहेको।

(ट) **अन्य :**
- बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
- पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।
- बैंकले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गरेको हुँदा ती लगानीमा हुने मूल्य परिवर्तनको जोखिम।
- कोरोना भाईरस कोभिड-१९ को कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरु।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :

बैंकले अन्तर्निहित तथा भविष्यमा आउन सक्ने विभिन्न जोखिमहरु (कर्जा, बजार संचालन आदि) को पहिचान, अनुगमन तथा व्यवस्थापन गर्नेछ। नेपाल राष्ट्र बैंकको निर्देशन तथा बैंकको नीति नियमको अधिनमा रहि आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाई विभिन्न जोखिमहरु व्यवस्थापन गरि बैंकलाई उत्कृष्ट एवं सबल रुपमा सञ्चालन गरि लगानीकर्ताहरुको हितको संरक्षणका लागि आवश्यक नीति, कार्यविधिहरु बनाई लागु गरेको छ। यसका साँथै, बैंकमा रहेको जोखिम व्यवस्थापन विभागले स्वतन्त्र रुपमा जोखिमलाई प्रभावकारी रुपमा नियन्त्रण तथा व्यवस्थापन गर्ने कार्य गर्नुका साथै समय समयमा जोखिम नियन्त्रणको क्षेत्रमा भए गरेका कार्यहरुको पुनरावलोकन समेत गर्ने गरेको छ। कर्जासँग सम्बन्धित जोखिमहरु, कुनै पनि व्यवसायहरु गर्दा सामना गर्नुपर्ने अन्य अन्तर्निहित जोखिमहरु लगायत बजार र तरलता, कार्य सञ्चालन, व्यवस्थापन र प्रतिष्ठा जस्ता बैंकको व्यवसायसँग सम्बन्धित जोखिमहरुलाई बैंकले जोखिम व्यवस्थापन संरचनाद्वारा सतर्कतापूर्वक व्यवस्थापन गर्ने गरेको छ। जोखिम व्यवस्थापनका लागि बैंकले अवलम्बन गरेका सिद्धान्तहरु निम्न लिखित छन् :

- जोखिम र प्रतिफल बिच सन्तुलन
- अनुशासित संयमित जोखिम वहन
- अख्तियार प्राप्त समिति तथा व्यक्तिहरुको स्वीकृती पश्चात् मात्र जोखिम ग्रहण तथा सो को व्यवस्थापनका लागि उचित संरचना तथा साधनहरुको उपलब्धता
- भावी जोखिमहरुको पूर्वानुमान तथा जोखिमहरुको उपयुक्त जानकारी
- प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धिका लागि जोखिमहरुको कुशल तथा प्रभावकारी व्यवस्थापन एवं नियन्त्रण
- बैंकले निरन्तर रुपमा प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गरि आवश्यक तालिम तथा विज्ञहरुको सुझावहरु समय समयमा लिईरहेको।

बैंकले जोखिम नियन्त्रणको क्षेत्रमा अवलम्बन गरेका माथि उल्लेखित नीति एवं उपायहरु पर्याप्त नहुन सक्दछन् यसर्थ उल्लेखित विधिहरुले बैंकको जोखिमलाई पूर्ण रुपमा निर्मुल पार्न नसकेता पनि न्युनिकरण गर्न सफल हुने विश्वास लिएका छौं।

धितोपत्रका मूल्य परिवर्तन सम्बन्धी जोखिम : रु.१,०००/- प्रति ऋणपत्रको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोवारले ऋणपत्र मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१२. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

(क) यस विवरण-पत्रमार्फत निष्काशन गर्न लागिएको "सेञ्चुरी डिबेन्चर २०८८" सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः

(अ) ***ऋणपत्र निष्काशनको शर्त, बन्देजहरु :*** ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देज यस विवरणपत्रको बुँदा नम्बर १०(छ) मा छ।

(आ) ***ऋणपत्रको अवधि (Maturity Period) :*** यस ऋणपत्रको अवधि ऋणपत्रको बाँडफाँट भएको दिनबाट दश (१०) वर्षको हुनेछ। सो अवधि पश्चात् कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ट भुक्तानी गर्नेछ।

(इ) ***निष्काशन गरिने ऋणपत्रको रकम :*** दश वर्ष अवधि तथा वार्षिक १०.५० प्रतिशत ब्याजदर भएको प्रति डिबेन्चर अंकित मूल्य रु.१,०००/- दरका ८ लाख ८० हजार डिबेन्चरले हुन आउने कुल रु. ८८ करोड ऋणपूँजी रकम (५% अर्थात ४४,००० कित्ता सामूहिक लगानी कोषका लागि छुट्याईएको समेत) सर्वसाधारण नेपालीको लागि, सार्वजनिक निष्काशनबाट बिक्री गरिने तथा १३ लाख २० हजार कित्ता डिबेन्चरले हुन आउने कुल रु.१ अर्ब २० करोड ऋणपूँजी रकम विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने।

(ई) ***ऋणपत्र साधारण शेयरमा परिवर्तन हुने वा नहुने :*** यस विवरणपत्र अनुसार निष्काशन गरिने ऋणपत्र १० (दश) वर्षको अवधि पश्चात् एकमुष्ट रुपमा फिर्ता गरिने भएकाले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने।

(उ) ***ऋणपत्रको ब्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधि/समय (Interest Payment Period) :*** यस ऋणपत्रको वार्षिक ब्याजदर १०.५०% हुनेछ। यस ऋणपत्रमा आर्जित ब्याज रकम ऋणपत्र बाहकरुलाई प्रत्येक आर्थिक वर्षको प्रथम अर्धवार्षिक (पौष मसान्त) र द्वितीय अर्धवार्षिक (आषाढ मसान्त) समाप्त भए पश्चात् प्रचलित आयकर ऐन, अनुसार प्राकृतिक व्यक्तिको हकमा ५ प्रतिशत र अन्यमा १५ प्रतिशत आयकर कट्टा गरी भुक्तानी दिइनेछ। बैंकको कारणले ब्याज भुक्तानीको विषयमा भएको व्यवस्थाको पालना नभए बैंकलाई थप आर्थिक दायित्व लागु हुन सक्नेछ। तर बन्द, हडताल, कर्फ्यु, लगायत काबु बाहिरको परिस्थिति एवं कुनैपनि किसिमका दैवी प्रकोपका कारणले बैंकले भुक्तानी दिन नसकेमा बैंक जिम्मेवारी हुने छैन। बैंकले यस ऋणपत्रबाट आर्जित ब्याज रकम ऋणपत्रवालाहरुको डिम्याट खातामा उल्लेख गरेको बैंक खातामा वा ऋणपत्रवालाले तोकेको खातामा भुक्तानी गर्नेछ।

(ऊ) ***ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) सम्बन्धी व्यवस्था :*** यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्रलाई निर्धारित १० वर्षको समयावधिमा फिर्ता भुक्तानी गर्नको लागि कम्पनीले ऋणपत्र भुक्तानी जगेडा कोषको व्यवस्था गर्नेछ। ऋणपत्रको अवधिमा कम्पनीको नाफा-नोक्सान बाँडफाँड हिसाब खाताबाट आर्थिक वर्ष २०७९/८० बाट २०८७/८८ सम्म वार्षिक रु २४.४४ करोडका दरले रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तर गरिनेछ। यदि कम्पनीको कुनै आर्थिक वर्षमा मुनाफा नभएमा आगामी वर्षहरुको संचित मुनाफाबाट ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ। ***नोट :*** ऋणपत्रको अवधिमा बैंकको नाफा नोक्सान हिसाबबाट ऋणपत्र निष्काशन भएको आर्थिक वर्ष बाहेकका अन्य आर्थिक वर्षमा निम्नानुसार प्रत्येक वर्ष वार्षिक समानुपातिक रुपमा रु.२४,४४,४४,४४४।४४ को दरले हुने रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तर गर्नेछ।

क्र.सं.	आ. व.	नाफा नोक्सान हिसाबबाट ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तर गरिने रकम	भुक्तानी जगेडा कोषको संचित रकम	कैफियत
१	२०७८/७९	-	-	
२	२०७९/८०	२४,४४,४४,४४४.४४	२४,४४,४४,४४४.४४	
३	२०८०/८१	२४,४४,४४,४४४.४४	४८,८८,८८,८८८.८८	
४	२०८१/८२	२४,४४,४४,४४४.४४	७३,३३,३३,३३३.३३	
५	२०८२/८३	२४,४४,४४,४४४.४४	९७,७७,७७,७७७.७७	
६	२०८३/८४	२४,४४,४४,४४४.४४	१,२२,२२,२२,२२२.२१	
७	२०८४/८५	२४,४४,४४,४४४.४४	१,४६,६६,६६,६६६.६५	
८	२०८५/८६	२४,४४,४४,४४४.४४	१,७१,११,११,१११.११	
९	२०८६/८७	२४,४४,४४,४४४.४४	१,९५,५५,५५,५५५.५५	
१०	२०८७/८८	२४,४४,४४,४४४.४४	२,२०,००,००,०००.००	
११		-	-	

(ए) ***ऋणपत्रवालाहरुको अधिकार :*** यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र खरिद गर्ने ऋणपत्रवालाहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानुन बमोजिम ऋणपत्रवालालाई प्राप्त हुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ। तर त्यस्ता ऋणपत्रवालाहरुलाई कम्पनीको साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार हुने छैन। कथंकदाचित बैंक टाट पल्टेमा यस विवरणपत्र मार्फत निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडी मात्र हुनेछ।

(ख) संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरण : यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहू र निक्षेपकर्ता भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinated Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक (Specific charge), अधिकार हुने छैन। यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्रधनीको बैंकको सम्पत्तिमा द्वितीय हक हुनेछ। बैंकको सम्पत्तिमा निक्षेपकर्ताको प्रथम हक लाग्नेछ। बैंकको सम्पत्ति मध्ये प्रथम हकवालाको रकम आषाढ मसान्त २०७८ मा रु ९६.९९ अर्व रहेको छ।

(ग) ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम, ठेगाना तथा कम्पनी र ट्रष्टीबीच भएको सम्झौता (Turstee Deed) को प्रमुख बुँदाहरुः ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने व्यवस्था अनुरुप मिति २०७७/०६/१३ मा सम्झौता भई निम्नानुसार ऋणपत्र ट्रष्टीको व्यवस्था गरिएको छ।

(अ) ***ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम तथा ठेगाना :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाण-पत्र प्राप्त धितोपत्र व्यवसायी श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, पहिलो तल्ला, लक्ष्मणबाबु भवन, नक्साल, काठमाडौं रहेको छ।

(आ) ***ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :*** यस विवरण-पत्रमार्फत सर्वसाधारणमा तथा व्यक्तिगत तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, पहिलो तल्ला, लक्ष्मणबाबु भवन, नक्साल, काठमाडौंलाई निजले उक्त सेवा प्रदान गरे वापत वार्षिक रु.२५,०००/- (अक्षेरुपी पचीस हजार रुपैयाँ मात्र) रकम ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा दिइनेछ।

(इ) ***ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको सम्पर्क व्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको नायव प्रमुख कार्यकारी अधिकृत श्री पराग विष्टलाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ। श्री पराग विष्टले एम.कम. सम्मको शैक्षिक योग्यता र १५ वर्षभन्दा बढीको वित्तीय क्षेत्रको कार्यानुभव हासिल गर्नु भएको छ।

(ई) ***ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था :*** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ। साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ।

(उ) ***ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :*** ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप सम्झौता गरिएको छ।

(ऊ) ***ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा :*** ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप गरिएको छ।

(ए) ***ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :*** ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको छ।

(ऐ) ***ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्था :*** ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रजिष्टर्ड कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने व्यवस्था गरिएको छ। ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाण-पत्र प्राप्त धितोपत्र व्यवसायी श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, पहिलो तल्ला, लक्ष्मणबाबु भवन, नक्साल, काठमाडौं रहेको छ।

(ओ) ***अन्य :***
- ऋणपत्र ट्रष्टीले डिबेन्चरवालाहरुको हित संरक्षण गर्ने।
- कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोवारको परिष्कृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र अनिवार्य रुपमा पठाउनु पर्ने।
- ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserve) को अनुगमन गर्ने।
- कम्पनीले पुनः अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृति लिनु पर्ने।

(घ) परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था : सो नभएको।

(ङ) ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजना : ऋणपत्र जारी गर्नुको उद्देश्य बैंकले आफ्नो पूँजी संरचना वृद्धि गर्नु र पुरक पूँजी आवश्यकतालाई पूर्ति गर्नु रहेको छ।

(च) जारी पूँजी चुक्ता भए/नभएको : जारी पूँजी सम्पूर्ण चुक्ता भएको।

(छ) यस भन्दा अगाडी जारी भएको ऋणपत्रको विवरण : सो नभएको।

(ज) नेपाल राष्ट्र बैंकले डिबेन्चर जारी गर्नका लागि दिएको शर्तहरु : नेपाल राष्ट्र बैंकले ऋणपत्र जारी गर्नका लागि दिएका शर्तहरु निम्नानुसार रहेका छन्।

१) कुनै पनि सुरक्षण नराखी "सेञ्चुरी डिबेन्चर २०८८" निष्काशन गर्नुपर्ने।
२) ऋणपत्रको अवधि दश वर्षको हुने।
३) प्रस्तावित ऋणपत्रमा प्रदान गरिने ब्याज अर्धवार्षिक रुपले ६/६ महिना (साउन १ र माघ १ गते) मा भुक्तानी गर्नुपर्ने, प्रस्ताव गरे बमोजिम ऋणपत्रको वार्षिक ब्याजदर १०.५० प्रतिशत हुनुपर्ने र आर्जित ब्याज रकममा आयकर ऐन अनुसार आयकर लाग्ने व्यवस्था गर्नुपर्ने।
४) बैंक विघटन भएको अवस्थामा "सेञ्चुरी डिबेन्चर २०८८" को भुक्तानी निक्षेपकर्ता भन्दा पछि मात्र हुने।
५) "सेञ्चुरी डिबेन्चर २०८८"जारी भएको मितिले बढीमा ६ महिना भित्रमा नेपाल स्टक एक्सचेन्जमा सूचीकृत गर्नुपर्ने।
६) "सेञ्चुरी कमर्सियल बैंक लिमिटेड बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट उक्त ऋणपत्र धितो राखी ऋण लिन सकिने व्यवस्था गर्नुपर्ने।
७) "सेञ्चुरी डिबेन्चर २०८८" निष्काशन गर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरी सहमति लिएर मात्र प्रकाशन गर्नुपर्ने।
८) ऋणपत्र निष्काशन गरिएको आर्थिक वर्ष र भुक्तानी हुने आर्थिक वर्ष बाहेक बाँकी रहेका प्रत्येक वर्ष वार्षिक मुनाफाबाट समानुपातिक आधारमा रकम छुट्याइ पूँजी फिर्ता जगेडा कोषमा ऋणपत्र बराबरको रकम जम्मा गर्न व्यवस्था गर्नुपर्ने। साथै नाफा नभएको अवस्थामा मुनाफाबाट छुट्याउनुपर्ने रकम कुन कोषबाट व्यवस्था गर्ने हो सो स्पष्ट रुपमा विवरणपत्रमा उल्लेख हुनुपर्ने।
९) यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई खरिद गर्ने व्यवस्था गर्नुपर्ने।
१०) ऋणपत्र आवेदकलाई निजले आवेदन गरेको रकममा आवेदन गरेको मितिदेखि बाँडफाँट हुने दिनसम्मको अवधिका लागि प्रचलित बचतको (त्यस बैंकको कुनै एक प्रकारको बचतको प्रचलित ब्याजदर) ब्याजदरले खण्डित अवधिको ब्याज (Brokeb Period Interest) प्रदान गर्नु पर्ने र सो विषयमा विवरण पत्रमा स्पष्ट उल्लेख गर्नुपर्ने।

(झ) अन्य :
- यो ऋणपत्र सेञ्चुरी कमर्सियल बैंक लिमिटेड बाहेक अन्य बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन सकिनेछ।
- ऋणपत्रको ब्याज भुक्तानी गर्ने स्थान : बैंकले यस ऋणपत्रबाट आर्जित ब्याज रकम ऋणपत्रबालाहरुको डिम्याट खातामा उल्लेख गरेको बैंक खातामा वा ऋणपत्रवालाले तोकिएको खातामा भुक्तानी गर्नेछ।
- निष्काशित ऋणपत्र खरिद गर्ने ऋणपत्र बाहकलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम प्राप्तहुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ। तर कम्पनीको साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार भने रहने छैन।
- यस ऋणपत्रलाई साधारण शेयरमा परिवर्तन गर्ने वा ऋणगबितभ गर्ने विशेषता नरहेको।
- निष्काशित जम्मा रु.२,२०,००,००,०००/- (रु. दुई अर्ब बीस करोड मात्र) ऋणपत्र मध्ये रु.१,३२,००,००,०००/- (रु. एक अर्ब बत्तीस करोड मात्र) बराबरको ऋणपत्र व्यक्तिगत तवरबाट रु.८८,००,००,०००/- (रु.अठ्ठासी करोड मात्र) बराबरको ऋणपत्र सर्वसाधारणमा निष्काशन गरिनेछ। एउटा समूहको ऋणपत्रको लागि निष्काशन अवधिभित्र पूर्ण रुपमा माग नआएको खण्डमा सो समूहको ऋणपत्र अर्को समूहमा हस्तान्तरण हुने प्रावधान रहेकोछ।
- कथंकदाचित बैंक टाटपल्टेमा यस विवरणपत्र मार्फत् निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडि मात्र हुनेछ।

१३. सकारात्मक पक्षहरु :

- दक्ष तथा अनुभवी व्यक्तिहरुको लगानीमा स्थापना तथा संचालन गरिएको कम्पनी।
- स्थापनाकालदेखि नै पूर्ण कम्प्युटरकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आइरहेको।
- ग्राहकहरुलाई सहज तथा सरल कर्जा तथा अन्य सेवा प्रदान गर्दै आएको।

१४. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

यस निष्काशनबाट प्राप्त हुने रकमलाई नेपाल राष्ट्र बैंकको तथा कम्पनीको आन्तरिक नितिको अधिनमा रहि व्यवसाय विस्तारको लागि निम्न अनुसार उपयोग गरिनेछ।

क्र.सं.	विवरण	रकम (रु.)
१.	रियलस्टेट कर्जा	३०,००,००,०००
२.	घर कर्जा	३०,००,००,०००
३.	कन्जुमर कर्जा (Consumer Loan)	४०,००,००,०००
४.	आवधिक कर्जा	६०,००,००,०००
५.	अधिविकर्ष कर्जा	६०,००,००,०००
	जम्मा	२,२०,००,००,०००

१५. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(अ) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**
यस विवरणपत्र मार्फत जारी गरिएको ऋणपत्र जारी संख्या भन्दा बढी संख्यामा ऋणपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार ऋणपत्रहरु बाँडफाँट गरिनेछ र ऋणपत्र बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ। यदि निष्काशन गरिएको ऋणपत्रको संख्या भन्दा कम ऋणपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था तथा निर्देशन बमोजिम सञ्चालक समितिले निर्णय गरी बिक्री वितरण तथा बाँडफाँट गरिनेछ।

(आ) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**
"धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" अनुरुप सि-आस्वा (C - ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सक्नेछ र आवेदकहरुको सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँटमा नपर्ने लगानीकर्ताको धितोपत्र खरिदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ।

(इ) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :**
सि-आस्वा (C - ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरु बाहेक अन्य माध्यम मार्फत डिवेञ्चरमा आवेदन गर्ने आवेदकलाई निजले आवेदन गरेको मितिदेखि बाँडफाँट हुने दिनसम्मको अवधिका लागि प्रचलित बजारको दरले खण्डित अवधिको ब्याज (Broken Period Interest) प्रदान गरिनेछ।

(ई) **धितोपत्र बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :**
निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन निर्देशिका, तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार डिबेन्चरको बाँडफाँट गरी तोकिएको समयावधि भित्र डिम्याट खातामा जम्मा गरिनेछ।

(उ) **धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :**
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा यस बैंकको शेयर मिति २०७१ जेष्ठ १६ गते सूचिकरण भई कारोबार भइरहेको छ। यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र नेपाल धितोपत्र बोर्डबाट स्विकृत भए पश्चात नियमानुसार सूचिकरण गरिने छ।

(ऊ) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरिद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँट गरे पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचिलित व्यवस्था अनुसार सूचिकरण तथा दर्ता गराई ऋणपत्र खरिद तथा राफसाफको लागिआवश्यक व्यवस्था मिलाईनेछ।

१६. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सक्ने हो सो सम्बन्धी विवरण:

१. बैंकको प्रबन्ध-पत्र तथा नियमावली रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, पुतलीसडक, काठमाडौं, नेपालमा र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेड, पहिलो तल्ला, लक्ष्मणबाबु भवन, नक्साल, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

२. प्रत्येक आवेदकले कम्तीमा २५ कित्ता र अधिकत्तम ८,७०,००० कित्ता डिबेन्चर खरिदका लागि आवेदन दिन सक्नु हुनेछ। न्यूनतम कित्ता भन्दा बढी कित्ताका लागि आवेदन गर्न चाहेमा १ अङ्कले भाग जाने संख्यामा अधिकत्तम ८,७०,००० कित्ता डिबेन्चरको सिमाभित्र आवेदन गर्न सकिनेछ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने डिबेन्चर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्त साथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र वापत रु.१,०००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको सि-आस्वा (C - ASBA) सदस्य रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिन सक्नेछन्।

१७. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :

१. कुनै पनि नेपाली नागरिक तथा संगठित संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्ने छन्।

२. दरखास्त दिँदा सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फारम बुझाउन पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचना पाटी, वेबसाईट वा राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ।

३. आवेदकहरुले आवेदन दिंदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय रहेको हुनु हुदैन।

४. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।

५. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई ऋणपत्र बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ।

६. धितोपत्र खरिदको लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निश्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले बुझ्नु पर्नेछ।

७. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN No.) खुलाउनु पर्नेछ। यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

व्यक्तिगत तवर (Private Placement) को हकमाः

(अ) ***निष्काशन गरिने डिबेन्चर संख्या :*** दश वर्ष अवधि तथा वार्षिक १०.५० प्रतिशत ब्याजदर भएको प्रति डिबेन्चर रु.१,०००/- अंकित मूल्यका १३ लाख २० हजार कित्ता डिबेन्चरले हुन आउने कुल रु. १ अर्ब ३२ करोड ऋणपूँजी रकम विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने।

(आ) ***लिनुपर्ने न्यूनतम डिबेन्चर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :*** यस विवरणपत्र मार्फत निष्काशन गरिने डिबेन्चर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा २५ र सो भन्दा बढीका लागि आवेदन गर्न चाहेमा १ अङ्कले भाग जाने संख्यामा अधिकतम १३,२०,००० कित्ता डिबेञ्चरका लागि दरखास्तसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र वापत रु.१,०००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरु तथा बिक्री प्रबन्धक श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेडमा आवेदन दिन सक्नेछन्।

(इ) ***डिबेन्चर बिक्री खुल्ला अवधि :*** यस निष्काशन व्यक्तिगत तवरबाट गरिने भएकोले धितोपत्र बोर्डबाट स्वीकृति पश्चात् खुल्ला हुनेछ र सार्वजनिक निष्काशन बन्द भएसँगै बन्द हुनेछ।

(ई) ***डिबेन्चर खरिदका लागि पुर्ण आवेदन प्राप्त नभई बाँकी रहन गएका डिबेन्चरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :*** डिबेन्चर खरिद खुल्ला अवधिमा सम्पूर्ण डिबेन्चर बिक्री नभई बाँकी रहन गएमा त्यसरी बाँकी रहन गएका डिबेन्चरहरुको सम्बन्धमा सार्वजनिक निष्काशन गर्न लागिएको डिबेन्चरको सार्वजनिक निष्काशन (Public Issue) मार्फत बिक्री गरिनेछ।

(उ) ***डिबेन्चर खरिद गर्न चाहने आवेदकहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :***

१. कुनै पनि नेपाली संघ संस्थाले यस विवरण अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन्। आवेदकले आफुले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरी यहि बैंकको बिक्री प्रबन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्ने छ।
२. आवेदन दिँदा आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ।
३. आवेदन फारम नेपाली वा अंग्रेजी कुनै एक भाषामा पेश गर्नुपर्नेछ।
४. आवेदकले आवेदनसाथ आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/- को दरले हुन आउने रकम बराबरको ग्लोबल आइएमइ क्यापिटल लिमिटेडको 'GICL-BTI-10.50% Century Debenture 2088' नाममा खिचिएको एकाउण्ट पेयी चेक संलग्न भएको हुनुपर्नेछ। यसरी चेक मार्फत रकम बुझाउनु हुने आवेदकहरुले आवेदनमा सो चेकको नम्बर र चेकको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ। यसको अलावा, निवेदकले ग्लोबल आइएमइ क्यापिटल लिमिटेडको नाममा A/C Transfer/IPS गरी Credit Advice निवेदनको साथमा संलग्न पनि गर्न सक्नेछ।
५. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा संचालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ।
६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN No.) खुलाउनु पर्नेछ। यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

१८. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

क्र.सं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	ग्लोबल आइएमई क्यापिटल लिमिटेड, जमल, काठमाडा र वेवसाइटः www.globalimecapital.com
२.	सेञ्चुरी कमर्सियल बैंक लिमिटेड, काठमाडौं र वेवसाइटः www.centurybank.com.np
३.	नेपाल धितोपत्र बोर्ड खुमल्टार, ललितपुर र वेवसाइटः www.sebon.gov.np

क्र.सं.	दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान
१.	नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु तथा तिनका तोकिएका शाखा कार्यालयहरु।

१९. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्रद्वारा सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणहरुमा जारी गरिने ऋणपत्रहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तिमा ४ कार्य दिन र बढिमा १५ दिन सम्म खुल्ला रहने छ। व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने हकमा धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशनसँगै बन्द हुनेछ।

२०. निष्काशन बैंक (Bankers to the Issue) :

यस निष्काशनको लागि देहायको बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ

क्र.सं.	बैंकको नाम	खाताको नाम	खाता नं.
१.	सेञ्चुरी कमर्सियल बैंक लिमिटेड, काठमाडौं	GICL-BTI-10.50% CENTURY DEBENTURE 2088	००१०००३८८६CA

२१. क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस बैंकले जारी गर्न लागेको ऋणपत्रलाई Care Ratings Nepal Limited ले Moderate Credit Risk जनाउने "CARE-NP BBB [Triple B]" ग्रेडिङ्ग मिति २०२०/०७/१३ मा प्रदान गरेको छ। उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने Instrument लाई समयमानै वित्तीय दायित्व पुरा गर्ने सम्बन्धमा मध्यम रुपमा सुरक्षित मानिन्छ। जोखिमको दृष्टिमा यस्ता उपकरणहरु मध्यम कर्जा जोखिम भएको मानिन्छ। साथै यस बैंकलाई CARE RATINGS NEPAL LIMITED, तीनधारा मार्ग, कमलादी, काठमाण्डौबाट इस्यूर रेटिङ्ग गराई "CARE-NP BBB (Is) (Triple B [Issuer])" प्रमाणपत्र प्राप्त गरेको छ। Care Ratings Nepal Limited ले CARE-NP AAA देखि CARE-NP D सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा रेटिङ्ग CARE-NP AAA ले Highest degree of Safety Regarding Timely Servicing of Financial Obligation जनाउँछ भने CARE-NP D ले Default or are Expected to be in Default soon भन्ने जनाउँछ। उक्त रेटिङ्ग मध्ये CARE-NP AA देखि CARE-NP C सम्म Plus or Minus चिन्ह प्रयोग गर्न सकिन्छ जसमा Plus चिन्हले दिइएको समूहको तुलनात्मक सकरात्मा स्थितिलाई जनाउँछ भने Minus चिन्हले तुलनात्मक रुपमा कमजोर स्थितिलाई जनाउँछ।

इस्यूर रेटिङ्ग ग्रेड पुनः पुष्टि गरेको मिति : २०७८/०३/०७ (तदनुसार जुन २१, २०२१) बहाल रहने अवधि २०७९/०३/१० (तदनुसार जुन २४, २०२२)

२२. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौमा श्री विजेता शाक्य ०१-४५४५६४९ मा सर्म्पक गर्न सकिन्छ।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US
ग्लोबल आइएमई क्यापीटल लि.
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल
फोन नं. ९७७-०१-४५४५६४९/५०, फ्याक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

मिति २०७९ बैशाख १४ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने